आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

"मेरो सपनाको जन्तेढुङ्गा" गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र, समुदाय तथा सहकारीको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, अव्यवस्थित बसोबासि तथा सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु,

संघीय सरकार तथा प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव परेकोले स्थानीय तहले पाउनु पर्ने राजस्व तथा वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन १५ सय देखि २ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण गाउँपालिकाका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ गाउँपालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा कच्ची सडक पूर्वाधारको पहुँच हुनु ।

६। धार्मिक भौगोलिक र ऐतिहासिक पर्यटकीय क्षेत्रको उपलब्धता हुनु |

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

३। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

४। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

५। कृषकले उत्पादन गरेको कृषि तथा पशुपन्छी उपजलाई बजार सम्म पुर्याउनु |

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१०। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना लागु गर्नु |

११। बिद्युत तथा सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

१३. अत्याधिक रुपमा भई रहेको बसाईसराई रोक्नु |

आदरणीय गाउँसभा अध्यक्ष ज्यु तथा सदस्यज्यूहरु,

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा यस आर्थिक बर्षमा हाल सम्म ३१२१९ मि.(४० वटा) नया कच्ची सडक बिस्तार गरिएको छ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सवारी साधन चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।सदरमुकाम तथा तराई जोड्ने सडकहरुको बिस्तार गरिएको छ ।

**सिंचाइः**

यस गाउँपालिकामा यस आर्थिक बर्षमा हाल सम्म गाउँपालिकाका, प्रदेश सरकार, संघिय सरकारको तथा साना सिचाईको सहकार्यमा ५ वटा सिंचाइ योजना सम्पन्न हुने चरणमा रहेको छ ।

**सामाजिक विकास**

कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।

**स्वास्थ्यः**

१. गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माणाधीन छ।
२. स्वास्थ्य शाखाको बार्षिक कार्यक्रम सम्पन्न भएको छ ।
३. स्वास्थ्य कर्मीहरुलाई विभिन्न प्रकारका स्वास्थ्य सम्बन्धि क्षमता अभिबृद्धि तालिम कार्यक्रम संचालन भएको छ ।
४. पूर्ण खोप सुनिस्चितत्ता दिगो पना कार्यक्रम सम्पन्न भएको छ ।
५. औषधि खरिद गरि सेवाग्राहीहरुलाई निशुल्क वितरण गर्ने कार्य भएको छ ।
६. एम्बुलेन्स तथा हेलिकप्टरबाट गर्भवति तथा सुत्केरीहरुलाई निशुल्क उद्दार गरि उपचार गरिएको छ ।
७. रेबिज खोपको लागि स्वास्थ्य सेवा विभाग बाट माशिक ४० भाइल कोटा निर्धारण गरिएको छ ।
८. आङ खसेका महिलाहरुको पहिचान गरि कोशी अस्पतालमा निशुल्क रुपमा अपरेसन गरिएको छ ।
९. स्वास्थ्य चौकी देवीस्थानको पक्कि भवन निर्माण सम्पन्न हुने अवस्थामा रहेको छ ।

**शिक्षाः**

१. नेपालको संबिधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सुची भित्र रहेको र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आधारभूत तह कक्षा ८ को परिक्षा फरक बिद्यालयको फरक केन्द्राध्यक्ष तोकी परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण र प्रमाणीकरण गर्ने कार्यको सुरुवात भएको छ ।
२. राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ अनुसार स्थानीय बिषयको पाठ्यक्निर्माण तथा स्वीकृत (१-५) भइ शैक्षिक सत्र २०८० बाट कार्यान्वयनमा आएकोछ ।
३. नेपालको बर्तमान संबिधानको शिक्षा सम्बन्धी हक (धारा ३१ )को उपधारा ५ मा मातृभाषामा शिक्षा पाउने हकको सुनिश्चितताका लागि र बिद्यालयले नै ऐच्छिक बिषय छनौट गरि अध्ययन अध्यापन गराउने नीति अनुसार बान्तवा र पुमा भाषा लाइ निरन्तरता दिनु आवश्यक व्यवस्था गरिएको छ ।

४. प्रारम्भिक बालविकास तथा शिक्षा, प्रस्तावित आधारभूत बिद्यालय तथा माध्यमिक बिद्यालयमा गाउँपालिकाले कार्यबिधी बनाइ शिक्षक सेवा आयोगको पाठयक्रम अनुसार बिद्यालय शिक्षक छनौट समिति गठन गरी गाउँपालिका अनुदान शिक्षकको रुपमा सिफारिसका साथै गाउँपालिकाबाट बालबिकास सहजकर्ताको पाठयक्रम निर्माण तथा स्वीकृत गरी लागु र खुल्ला प्रतिस्पर्धा द्वारा सहजकर्ता छनौट तथा सिफारिस कार्य सम्पन्न भएको छ ।
५. शैक्षिक गुणस्तर अभिबृद्धि गर्न प्रधानाध्यापक, शिक्षक, बिद्यालय ब्यबस्थापन समित, शिक्षक् अभिभावक संघ तथा अन्य शैक्षिक सरोकारवालाहरु लाइ संस्थागत क्षमता अभिबृद्धि सम्म्बधी व्यवस्थापन, सुशासन तथा लेखा प्रणाली, शैक्षिक तथ्यांक अभिलेखीकरण सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ ।
६. जन्तेढुङ्गा गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुका गतिबिधीहरुमा एकरुपता ल्याउनुका लागि गाउँपालिका स्तरीय शैक्षिक कार्यपात्रो निर्माण तथा बितरण कार्य सम्पन्न भएको छ ।
७. विद्यार्थीको स्व-अध्ययन सिकाईलाई उत्प्रेरित गर्न बैकल्पिक स्व-अध्ययन सामाग्रि र शिक्षण कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न शिक्षक निर्देशिका बितरण कार्य सम्पन्न भएको छ ।

**युवा तथा खेलकुदः**

१. गाउँपालिकाको आर्थिक सहयोगमा प्रथम जन्तेढुङ्गा गोल्डकप सम्पन्न भएको छ ।
२. युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण भएको छ ।
३. स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नारा लाइ मुर्त रुप दिदै प्रथम रास्ट्रपति रनिंग शिल्ड प्रतियोगीता सम्पन्न भएको छ ।
४. वडाहरुमा खेलकुद आयोजना सम्पन्न भएको छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

**कृषिः**

१. कृषि यन्त्रीकरण कार्यक्रम मार्फत कृषि आधुनिकीकरणको सुरुवात भएको छ ।
२. प्लास्टिक टनेल वितरण मार्फत बेमौसमी तरकारी खेति प्रवर्द्धनमा सहयोग भएको छ ।
३. वडाहरुमा कृषि प्राबिधिकहरु बाट सेवा प्रबाह भई कृषक हरुलाई सहज भएको छ ।
४. उन्नत बिउ वितरण मार्फत मकै, धान, तरकारी , तोरी लगायतका बालीहरुको उत्पादन वृद्धि भएको ।
५. फौजी किरा लाही किरा तथा अन्य रोग किरा नियन्त्रण को लागि बिषादी वितरण भएको, छ ।
६. प्रदेश तथा संघीय सरकार संग समन्वय गरि तेलहन बालि प्रवर्दन जस्ता थप कार्यक्रम हरु मार्फत कृषकहरुलाई लाभान्वित गरिएको छ ।
७. क्रिसान सूचीकरण कार्य सम्पन्न गरिएको छ ।
८. कृषि प्राबिधिकहरु बाट कृषकको घर खेत अनुगमन गरि आवस्यक परामर्स सेवा प्रदान भएको छ ।
९. सूचना प्रकासन गरि कृषि प्राबिधिक हरु संग कृषकको सहज सम्पर्कको लागि जोड दिइएको छ ।
१०. माटो परिक्षणको लागि यस पालिका बाट १०० ओटा नमुना संकलन गरि परिक्षणको लागि माटो प्रयोगशाला, झुम्का पठाईएको छ ।
११. जंगली जनावर धपाउने येन्त्र खरिद गर्ने कार्य भएको छ ।
१२. जैविक मल उत्पादनको लागि गाउँपालिका र हिमालय एग्रोभेट सँग सम्झौता भई मल उत्पादन कार्य भएको छ ।

**पशुपन्छीः**

१. पशुपंक्षीको औषधि खरिद गरी निशुल्क वितरण गरेर सबै वडाका कृषकहरुलाई लाभान्वित गरिएको छ ।

२. पशु प्राविधिकहरुको करार नियुक्ति गरी सबै वडामा सेवा उपलब्ध हुने गरी खटाईएको छ ।

३. कृषकहरुको पशुधनको रक्षा गर्न घर दैलो सम्म पुगेर सेवा प्रवाह पुर्याइएको छ ।

४. लम्पी स्किन रोगको महामारी सँग जुध्न बजेट रकमान्तर गरेर पुनऔषधि खरिद गरी कृषक ःहरुलाई निशुल्क रुपमा वितरण गरिएको छ जसले गर्दा मृत्युदर कम गर्न सफल भईएको छ ।

५. जर्सी बाछी खरिद र ढुवानी गरी ८०% अनुदानमा कृषकहरुलाई वितरण गरेर दुग्ध क्षेत्रमा आत्मनिर्भर हुन बातावरण सिर्जना गरिएको छ ।

५. कृत्रिम गर्भाधान मिसनलाई सफल पार्न सुरुवाती रुपमा कृत्रिम गर्भाधानका उपकरणहरुको खरिद गरिएको छ ।

६. प्रदेश भेटेरिनरी अस्पताल, गाईघाट संगको समन्वय र गाउँपालिकाको आन्तरिक श्रोतबाट पशुपंक्षीहरुको रेबिज, पि.आर.पि., रानीखेत, स्वाइन फिवर आदि जस्ता आक्रामक रोगहरु विरुद्दको खोप संचालन गरिएको छ ।

७. टेलीफोन, फिल्ड भिजिट, वा अन्य तरिकाबाट दुरदराजका कृषकहरुलाई सुचित गर्ने तथा पशु स्वास्थ्य सेवा प्रदान गरेर लाभान्वित गरिएको छ ।

**उद्योगः**

१. बाँसको फर्निचर तथा हस्तकला सीपविकास तालिम प्रश्चात बाँसका विभिन्न किसिम जस्तै कुर्शी मुडा किस्ती, टेबल जस्ता सामान उत्पादन गरिएको छ ।

२. ढाकाबुनाई सीपविकास तालिम प्रस्चात उद्यमिहरुले ढाकाको सल, बर्को, चोली जस्ता सामान उत्पदान गरिएको छ ।

३. मौरीपालन सीपविकास तालिम लिए प्रस्चात उद्यमीहरुले मौरीपालनलाई निरन्तरता दिंदै मौरी राख्ने घर निर्माण गरेर बिक्रि गरिएको छ ।

४. गाउँपालिकाको क्रमश १,३,५,६ वडाबाट जम्मा ९५ जना लघु उद्यमी सिर्जना भएका छन ।

५. सीपविकास गरि प्रविधि हस्तान्तरण गरिएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. बन, जलाधार ब्यबस्थापनलाई समेट्ने गरि यसबाट प्राप्त हुने जैविक बिबिधता, बन्यजन्तु, बनस्पति, गति उद्यम र पर्यटनको बिस्तार गरिएको छ । जडिबुटी, दाउरागाउँमा रहेका सामुदायिक बनमा उपयोग र संरक्षण सहितको बैज्ञानिक बन ब्यबस्थापनका अभ्यासहरु प्रारम्भ गरिएको छ ।

२. दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले यस बर्षमा १ वटा ऐन, १ निर्देशिका, ८ कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याएको छ | यस गाउँले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६९.५०% अंक प्राप्त गरेको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।

## आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्य ज्युहरु,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

१. आधारभूत तह (१-५)लाई भूगोल र विद्यार्थी संख्या, आधारभूत तह(६-८) र माध्यामिक तह(९-१०) लाई विषयगत आधारमा मानी दरबन्दी मिलान गरिनेछ |
२. पढ्दै कमाउदै कार्यक्रम लागु गर्नु गाउँपालिका भित्र संचालनमा रहेका एउटा सामुदायिक बिद्यालयलाइ छनौट गरि सामुदायिक आवासीय बिद्यालयको रुपमा बिकास गर्न कार्यबिधी बनाइ प्रकिया अगाडी बढाइनेछ |
३. प्रत्येक बिद्यालयलाइ प्रबिधीमैत्री शिक्षा लागु गरी सम्पूर्ण कागजातहरु डिजिटल बनाइने नीति अवलम्बन गरिनेछ|
४. आधारभूत तह (कक्षा ८), माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) र रास्ट्रीय परीक्षा बोर्ड (कक्षा -१२) को परीक्षालाइ आधार मानि उत्कृष्ट बिद्यार्थी (१ छात्र र १ छात्रा)लाई पुरुस्कारको व्यवस्था गरीने नीति लागु गरिनेछ ।
५. गाउँपालिका भित्र संचालनमा रहेका प्राबिधिक तथा व्यवसायिक बिषय अध्ययन गरि रोजगारी तथा व्यवसायका लागि प्रोत्साहनको व्यवस्था गरिनेछ |
६. बिद्यालय शिक्षालाइ गुणस्तरीय बनाउनु कार्यसम्पादान सम्झैता गरि परिणाममुखी बनाउनु दण्ड र पुरुस्कारको व्यवस्था गर्ने नीति लिइनेछ |
७. शिक्षक तथा कर्मचारीलाइ पेशागत क्षमता अभिवृद्धि ,पाठयक्रम प्रबोधिकरण ,बिषयगत तालिमको लागि आवश्यक व्यवस्था मिलाइनेछ |
८. स्थानीय मातृभाषासास्कृतिक बिषय ,सामाजिक , अध्ययन तथा अध्यापन गर्नु गराउनु स्थानीय पाठयक्रम कक्षा ६ देखि ८ निर्माण तथा विकास गरि लागु गरिने नीति लिइनेछ |
९. गाउँपालिका भित्र बसोबास गरि सरकारी सेवा तथा गैर सरकारी सेवा लिने शिक्षक तथा कर्मचारी , स्वास्थ्य सेवाका कर्मचारी निजामती ,सेवा ,सेना, प्रहरी लगायतका छोराछोरीहरु लाइ सामुदायिक बिद्यालयमा पठनपाठन गर्नु उत्प्रेरित गर्ने नीति लिइनेछ |
१०.उच्च शिक्षा संचालन ,व्यवस्थापनमा आवश्यक समन्वय रसहकार्य गर्ने नीति अवलम्बन गरिनेछ|
११.प्रत्येक बिद्यालय लाइ एक बिद्यार्थी एक बिरुवा कार्यक्रम अन्तरगत हरित बिद्यालय बनाउन उतप्रेरित गरिनेछ |
१२.प्रत्येक सामुदायिक बिद्यालयको दैनिक, मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक गतिबिधी तथा कार्य संचालन क्रियाकलापलाइ अनलाइन तथा अफलाइनमा आधारित बनाइ बिद्यालयको अनुगमन तथा मूल्यांकन प्रणाली अवलम्बन गरिने नीति लिइनेछ ।

१३.बिद्यार्थीको शैक्षिक स्तर वृद्धि गर्नु स्थानीय स्तरको शैक्षिक सामाग्री निर्माण ,संकलन ,कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिद गरि बितरण गर्ने साथै खेलकुद बिकासका लागि आवश्यक सामाग्री खरिद गरि बितरण गरिने नीति अवलम्बन गरिनेछ|

१४.प्रत्येक बिद्यालयमा अध्यययनरत बिद्यार्थीहरुको नेतृत्व क्षमता विकास गरी संस्कारीक , जिम्मेवार, अनुशासित नैतिकवान र सहभागीता अभिबृद्धि गर्न स्काउट, जुनियर रेडक्रम सर्कल ,युवा रेडक्रस सर्कल ,बाल क्लव , ग्रीन क्लव गठन गरी परिचालन गर्ने नीति अबलम्बन गरिनेछ|

१५.शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

१६.विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

१७.विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१८.विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१९.शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

२०.गाउँपालिकामा संचालनमा नआएका प्राविधिक विषय अध्ययनका लागि छात्रवृतिमा अध्ययन गराउने कार्यलाई निरन्तरता दिइनेछ |

२१.किशोरीहरुका लागि सेनिटरी प्याडको वितरणको व्यवस्था प्रभावकारी बनाइने छ । साथै प्रयोग पछाडिको व्यवस्थापन विद्यालयहरुले नै गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

२२.शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना दर शत प्रतिशत कायम गरि विद्यालय छाड्ने दर न्यून राख्न विद्यार्थी अभिभावक उत्प्रेरणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३.दिवा खाजा कार्यक्रम व्यवस्थित गर्न जंक फुडलाई निरुत्साहित गर्न स्थानीय रुपमा उत्पादित खाद्य पदार्थलाई उपयोग गर्ने नीतिलाई अवलम्बन गरिनेछ।

२४.स्थानीय पाठ्यक्रम विकासमा दलित सवाल, व्यक्तित्व र जातीय भेदभाव विरुद्धका पाठहरु समाबेस गर्न पहल गर्ने |

२५.शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

**संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

२६.गाउँपालिकाले भाषा, कला, साहित्य तथा संस्कृतिको संरक्षण तथा सम्बर्धनको नीति लिइने छ |

२७.गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२८.गाउँ पालिकाको वडा नं ४ डम्बर्खुशिवालयमा सामुदायिक संग्राहलय निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिनेछ |

२९.गाउँपालिका भित्र आयोजना हुने मेला, प्रदशनी तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शनलाई प्रोत्सहान गर्ने नीति लिइनेछ।

३०.परामपरागत शिपको सम्बर्धन तथा प्रवर्धन गरिनेछ |

**युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

३१.खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

३२.रास्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइने छ |

३३.विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

३४.वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

३५.युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

३६.युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३७.गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

३८.लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

३९.महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

४०.ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न सहयोग गरिनेछ।

४१.विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

४२.ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४३.सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ।

४४.महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

४५.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

४६.गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४७.गाउँपालिकाको प्रशासकीय भवनमा स्तनपानको लागि छुट्टै स्तनपान कक्ष निर्माण गरिने छ |

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

नेपालको संबिधान २०७२ ले ब्यवस्था गरे अनुसार स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिईएको र सबै नेपालीहरुलाई गुणस्तरीय अधारभूत स्वास्थ्य सेवा प्रदानगरी नेपाली जनताको स्वास्थ्य स्थितीमा अपेक्षित सुधार ल्याई स्वस्थ जीवनयापन गर्न नेपाल सरकारको संघिय सरकार र प्रादेशिक सरकारले नीति तथा कार्यक्रम ल्याई

संचालन गरिरहेकामा स्वास्थ्य सेवाका प्रबर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई अझ प्रभावकारी, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकाकाले संघिय सरकार र प्रादेशिक सरकारको नीति तथा कार्यक्रमलाई सहयोग पुग्नेगरी कार्यक्रम संचालन गर्न निम्न नीति तय गरिएको छ ।

४८. यस गाउँपालिकामा रहेका विपन्न, गरिव, पछाडी पारिएका जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले निशुल्क वितरणका लागि तोकेका औषधीहरु साथै नसर्ने रोगहरुका औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४९. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने नीति लिईनेछ।

५०. हाड जोर्नी सम्बन्धी X-Ray मेसिन मार्फत सेवा प्रादान गरिने छ |

५१. आङ्ग खसेका महिलाहरुको पहिचान गरि निशुल्क उपचारको कार्यलाई निरन्तरता दिइनेछ |

५२. निर्माणाधिन १५ बेडको चिसापानी अस्पतालको पुर्वाधार निर्माणलाई तिव्रता दिदै आवश्यक जनशक्तिको व्यवस्थापन प्रदेश र केन्द्रिय सरकार सँग समन्वय गरी तोकएकै समयमा अस्पताल संचालन गर्न पहल गरिने छ।

५३. गर्भवति महिलाको लागि ग्रामिण भिडियो एक्स-रे कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ, साथै पाठेघरको क्यान्सरको जाँच (VIA test) लाई निरन्तरता दिइनेछ।

५४. सुरक्षित मातृत्वलाई पहिलो प्राथमिकता दिइ गर्भाअवस्थाको पहिलो महिनाबाट नै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको प्रत्यक्ष निगरानी बमोजिम स्वास्थ्य संस्थामै प्रसुती हुने अवस्थालाई प्रोत्साहन गर्न आवश्यक भत्ताको ब्यवस्थालाई निरन्तरता दिइनेछ |

५५. प्राथमिक स्वास्थ्य केन्द्र चिसापानिको बर्थिङ सेन्टरलाई स्तरोन्नति गरिनेछ |

५६. पालिका भित्र रहेका सुत्केरी आमाहरुको नियमअनुसार घर भेट जाच कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५७. जन्तेढुङ्गा गाउपालिका स्वास्थ्य शाखा भित्र रहेका कर्माचारीहरुको कार्यशैली र कार्यदक्षताको क्षमता अभिबृद्धि गर्नको लागि प्राथमिक स्वास्थ्य केन्द्र चिसापानीमा पालो मिलाइ काजमा राखि तालिमको व्यवस्था गरिने छ ।

५८. स्थानिय स्तरमा उत्पादन हुने पोषण युक्त खानालाई व्यहारमा परिर्वतन लागु गर्न स्वास्थ्य कार्यक्रमको लागि माग गरिने छ ।

५९. पालिका भित्रका सम्पुर्ण गर्भवती महिलाहरुलाई प्रोटोकल अनुसार आठ पटकको गर्भ जाच गराउनको लागि गर्भवती साथी कार्यक्रम संचालनमा ल्याउन पहल गरिने छ ।

६०. पालिका भित्रका जन्मे देखी २४ महिना सम्मका सम्पुर्ण बालबालिकाहरुलाई नियमित मासिक रुपमा तौल अनुगमन गर्ने नितिको लागि पहल गरिने छ ।

६१. यस जन्तेढुङ्गा गाउपालिका भित्राका बिरामी गर्भवती तथा सुत्केरी ओसार पसार गर्न साथै रेफर भएका बिरामीहरु सम्बन्धित ठाउँ सम्म पुर्याउनको लागी एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ |

६२. सरकारले निर्धारण गरेको विपन्न नागरिक औषाधि उपचार सम्बन्धि मृगौला रोग, मुटु रोग, क्यान्सर, पार्किन्स, अल्जाईमर, स्पाईनल ईन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया सम्बन्धि जटिल पंकृतिका रोगको उपचारकालागी बिरामीलाइ उपचारको पहुँच सम्म पुर्याउन आवश्यक आर्थिक सहयोगको ब्यवस्थालाई निरन्तरता दिईने छ ।

६३. सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेकोमा त्यसलाई अझै प्रभावकारी रुपमा ब्यवस्थित गरिनेछ साथै स्वास्थ्य संस्थाहरुमा गुणस्तरिय सेवा संचालनको लागि आवश्यकिय उपकरण खरिदको गरिनेछ।

६४.प्राथमिक स्वास्थ्य केन्द्रको आकस्मिक सेवालाई अझ प्रभावकारी रुपले सेवा दिनको लागी कर्मचारीहरुको नियम अनुसार पाउने ईमरजेन्सी भत्ता रकम लाई निरन्तरता दिइनेछ ।

६५. स्वास्थ्य प्रबर्द्धनात्मक, प्रतिरोधात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापकीय सेवालाई प्रभावकारी रुपमा संचालन गर्न कार्यक्रम बिस्तार गरिनेछ ।

६६.गाउँपालिकामा रहेका स्वास्थ्य केन्द्रहरुमा आवश्यक औजार उपकरणको ब्यबस्था गरिनेछ ।

६७.सुरक्षित मातृत्व, नबजात शिशु, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन्, प्रौढ तथा जेष्ठ नागरिकको सेवालाई निरन्तरता दिदै अझ प्रभावकारी रुपमा सेवा विस्तार गरिदै लगिनेछ ।

६८.गाउँपालिका बासी सबै नागरिकलाई आकस्मिक सेवाको पहुँचमा सुनिश्चित गरिदै लगिनेछ।

६९. सुरक्षित मातृत्व कार्यक्रमलाई सुरक्षित, प्रभावकारी र सर्वसुलभ गुणस्तरीय सेवा प्रदान गर्न बर्थिङ सेन्टर बिस्तार गर्नको साथै दक्ष स्वास्थ्य जन शक्तिको विकास गरिनेछ।

७०.कोभिड १९ माहामारीको रोकथाम तथा नियन्त्रणका लागी भईरहेका कृयाकलापलाई निरन्तरता दिदै अन्य आवश्यक कृयाकलापहरु सबै वडामा गरिदै लगिनेछ ।

७१. गाउँघर क्लिनिक र खोप क्लिनिक लाई ब्यवस्थित गरिदै लगिनेछ र क्लिनिक संचालन गर्ने स्वास्थ्य कर्मीलाई प्रोत्साहन गरिनेछ ।

७२.पालिका भित्र आफ्नै भवन नरहेका स्वास्थ्य संस्थाहरुको भवन निर्माणको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।

७३.सवै स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सेवालाई निरन्तरता दिदै अझै व्यवस्थित गरिदै लगिनेछ Computer साथै अन्य आवश्यक सामाग्रीहरु मर्मत तथा खरिदको लागी पहल गरिनेछ।

७४.क्षयरोग खोजपड्ताल कार्यक्रम सबै वडामा बिस्तार गरिदै लगिनेछ।

७५.महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी सम्पूर्ण समस्याहरुको खोजपड्ताल गरी उपचारको ब्यबस्था गरिनेछ ।

७६.स्वास्थ्य सम्बन्धी बिभिन्न समस्याहरुको लागि निशुल्क स्वास्थ्य सिबिरहरु संचालनका गरिनेछ।

७७.८० बर्ष माथीका बृद्ध वृद्धाहरुलाई सहुलियत दरमा तथा गर्भवती र सुत्केरी महिलाहरुलाई निशुल्क प्रदान गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

७८.गाउँपालिकाका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

७९.महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिमलाई निरन्तरता दिइनेछ ।

८०.स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८१.सुनौलो हजार दिने आमाहरुको पोषण सुधारका लागि वडा भेट कार्यक्रम संचालन गरिनेछ ।

८२.सुरक्षित गर्भपतन सेवालाई सुचिकृत स्वास्थ्य संस्थाबाट गरिने सेवा प्रवाह ९ हप्ता सम्मको गर्भपतन सेवा लाई निरन्तरता दिने साथै ९ हप्ता देखि १२ हप्ता सम्मको गर्भपतन सेवा लाई प्राथमिक स्वास्थ्य केन्द्रबाट गरिने छ ।

८३.सबै वडामा जेष्ट नागरिक उपचार कार्यक्रम संचालन गरिनेछ ।

**आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

८४.उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ

८५. समग्र आर्थिक गतिविधि चलायमान बनाउन र आर्थिक क्रियाकलापको स्तर मापनका लागि आर्थिक सर्वेक्षण गरिनेछ।

८६. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

८७. ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण गरिनेछ ।

८८. दलित समुदाय लक्षित कृषक समूह निर्माण गर्दै आवश्यक सहयोग गरिनेछ ।

**उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

८९.औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।

९०.उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

९१.बिधमान पर्यटकीय क्षेत्रको विकास तथा विस्तार गर्न DPR तयार गरि कार्यान्यिन गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

९२.लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

९३.सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

९४.पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९५.गाउँपालिका तथा अन्य गाउँपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

९६.विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

९७.विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन स्थानीयहरुलाई होमस्टे सम्बन्धि तालिम प्रदान गरिनेछ ।

९८.मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडीङ्ग वोर्ड राखिनेछ।

९९.बृहत सास्कृतिक अध्ययनबाट प्राप्त प्रतिवेदन प्रकाशन गरिने छ ।

१००. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१०१. स्थानीय स्तरमा बसोबास गर्ने बेरोजगार तथा उद्यम ब्यबसाय संचालन गर्न इच्छुक व्यक्तिहरुलाई उद्यमशिलता तालिम दिइनेछ ।

१०२. स्थानीय स्तरमा भएका कच्चापदार्थको सदुपयोग गरि उद्यमशिलता तालिम लिने व्यक्तिहरुलाई प्राविधिक सिप विकास तालिम दिइनेछ ।

१०३. पुराना लघुउद्यमीहरुलाई पुनरताजगि तालिम तालिम दिइनेछ ।

१०४. उद्यमीहरुले उत्पादन गतका सामान बिक्री वितरणका लागि साझा सुबिधा केन्द्र(कोसेली घर) स्थापना गरिनेछ ।

१०५. प्राविधिक सिपविकास तालिम लिईएका व्यक्तिहरुलाई ब्यबसाय संचालन गर्न आवश्यक पर्ने ऋणको बारेमा जानकारीको लागि लघुबित्त संस्था वा बैंक सँग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

**कृषि सम्बन्धी नीति तथा कार्यक्रम**

"उत्पादन तपाई गर्नुहोस बजार हामि दिन्छौ "।

१०६. जन्तेढुङ्गा गाउँपालिकाको उत्पादन आयआर्जन र रोजगारी सृजना हुने मुख्य कृषि र पशु पालन नै भएको र अधिकांश जनता यसैमा निर्भर रहेको हुँदा यसलाई निर्वाहमुखिबाट व्यवसायीकरण तर्फ उन्मुख गराउनका लागि बिभिन्न कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

१०७. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गतका परियोजनाहरु कृषक समुह मार्फत बिस्तार गरि बिक्रि योग्य उत्पादन परिमाण वृद्धि गर्ने नीति लिइनेछ ।

१०८. कृषिलाइ व्यवसायीक तथा आधुनिक बनाउन मागमा आधारित कृषक गाउँपालिका यन्त्रीकरण साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

१०९. कृषि तथ्यांक संकलन बाट बास्तविक कृषक पहिचान गरि आवस्यक कार्यक्रम तय गरि लागु गरिनेछ ।

११०. उत्पादित स्थानीय कृषि बस्तु को संकलन तथा बजारीकरण को व्यवस्था मिलाइनेछ ।

१११. निर्माणाधिंन रहेको शित भण्डार सम्पन्नोमुख गरिनेछ ।

११२. कृषि उत्पदान तथा उत्पादकत्व वृद्धि गर्न बाझो जमिनमा सामुहिक खेतिलाइ प्रोत्साहन गरिनेछ ।

११३. कृषि उत्पादनलाई क्षति पुर्याउने बन्यजन्तुलाई नियन्त्रण एवं व्यवस्थापन गर्न पहल गर्ने नीति लिइनेछ

११४. कृषि उद्योगको बिकास संगसंगै रोजगारी वृद्धि गर्न यस बर्ष पालिकाको पूर्ण स्वामित्व रहने गरि तेल उद्योग संचालनमा ल्याउन पहल गरिनेछ ।

११५. कृषक माझ उन्नत बिउको सहज पहुचको लागि बिउ उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

११६. कृषिमा अनुगमन कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

११७. खाद्यान्न बालीको उत्पादन वृद्धि गर्न बीउ अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११८. तरकारीको उन्नत बिउमा कृषकको पहुच बढाऊन उन्नत तरकारीको बिउ वितरण कार्यक्रम संचालन गरिनेछ ।

११९. सुन्तला जन्य बालिको उत्पदान तथा उत्पादकत्व प्रवर्द्धनलाई विशेष प्राथमिकताका साथ हेरिनेछ ।

१२०. "जन्तेढुङ्गाको पहिचान उत्पादनमा अनुदान" कार्यक्रम संचालन गरिनेछ।

१२१. बेमौसमी तरकारी उत्पादन गर्ने कृषक समुहहरुलाई प्लास्टिक टनेल थोपा सिचाई लगायतका , । उत्पादन सामग्रीमा अनुदान कार्यक्रम संचालन गरिनेछ

१२२. कृषि प्राबिधिक हरुलाई उत्प्रेरणा जगाउन थप सेवा सुविधाको प्रबन्ध मिलाइनेछ ।

१२३. रोग किरा नियन्त्रण गरि उत्पादन वृद्धि गर्न बाली संरक्षण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ लागु गरिनेछ ।

१२४. माटोको गुणस्तर बढाइ उत्पादन वृद्धि गर्न माटो सुधार कार्यक्रम संचालन गरिनेछ|

१२५. कृषक को आयआर्जन वृद्धि गर्न साना कृषि बस्तु प्रसोधन उद्योग सहयोग कार्यक्रम संचालन गरिनेछ|

१२६. प्रविधि प्रसारको लागि कृषि तालिम कार्यक्रम संचालन गरिनेछ|

१२७. कृषि बिमा बारे जनचेतना जगाई बिमा गर्न प्रोत्साहन गरिनेछ ।

१२८. कृषि सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

१२९. कृषि उत्पदान प्रबर्दन एवं पुरस्कृत गर्न कृषि उत्पादन प्रतियोगिता संचालन गरिनेछ ।

१३०. उच्च मुल्य हुने कृषि बालि हरुको पहिचान गरि व्यवसायीकरण गरिनेछ ।

१३१. रैथाने बालीहरुको बिउ संरक्षण ,खेति बिस्तार र बजारीकरणको लागि बिशेष प्रबन्ध मिलाइनेछ ।

१३२. सिचाई सुबिधा नभएका बिपन्न दलित तथा गरिब घर परिवारका कृषकहरुलाई अनुदानमा प्लास्टिक पोखरी निर्माण कार्यक्रम संचालन गरिनेछ ।

१३३. कृषक सूचिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१३४. माटोको नमुना परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

१३५. जैविक मल उत्पादनको लागि गाउँपालिका र हिमालय एग्रोइकोलोजी रिसर्च एण्ड डेभलोप्मेन्ट संस्था सँग सम्झौता बमोजिम जैविक मल उत्पादन कार्यलाई निरन्तरता दिइ आगामी ३ बर्षमा १५ जना उद्यमीलाई तालिम प्रदान गरिने छ ।

**पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१३६. कृषि तथा पशुपालनलाई गाउँपालिकाको मुख्य आधार स्तम्भ मानेर काम गरिनेछ ।

१३७. आ.व. २०७९/८० मा देखिएको पशु चौपायाको महामारी 'लम्पी स्किन रोगबाट कृषकहरुको पशुधन क्षेतिहुन नदिन लम्पी स्किन रोग विरुद्दको खोपको लागि पहल गरिने छ ।

१३८. पशुपंक्षी तथा मत्स्यपालनमा कुनै किसिमको रोग व्यथा लाग्न नदिन र कृषकहरुको उत्पादनलाई घट्न नदिन पशु औषधि खरिद गरेर निशुल्क रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३९. गाउँपालिकामा डेरी उत्पादन र खपत बढाएर डेरी कृषकहरुलाई आत्मनिर्भर बनाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिने छ ।

१४०. पशुपालनमा आवद्ध कृषकहरुलाई उत्पादन र उत्पादकत्व बढाउन विभिन्न खोर तथा गोठ सुधार कार्यक्रम, पशुपालन सामग्री, उपकरण, उन्नत नश्ल वितरण, आदि विशेष अनुदानमा उपलब्ध गराइनेछ ।

१४१. पशुपंक्षी तथा मत्स्य स्वास्थ्यसँग सम्बन्धी विभिन्न समस्यामा कृषकहरुलाई सहज तरिकाले घर दैलोमै प्राविधिक सेवा उपलब्ध गराउन पशु स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ

१४२. गाउँपालिका क्षेत्रभित्र सफा, स्वच्छ, र स्वस्थकर मासु र दुग्ध पदार्थ उत्पादन र बिक्रि वितरण गर्न विशेष पहल गरिनेछ ।

१४३. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइने छ।

१४४. समस्त पशुपालक कृषकहरुको पालन पद्दति सुदृढिकरण गरी व्यवसायीकरण गर्न नियमित रुपमा अनुगमन कार्यक्रम संचालन गरिनेछ ।

१४५. कुनै प्रकारको महामारी फैलिन नदिन पशु सेवा शाखा बाट नियमित फर्म तथा कृषक स्थल अवलोकन तथा सर्भेलेन्स गरिनेछ ।

१४६. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

**सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१४७. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

१४८. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

१४९. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

१५०. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कार्यान्वयन गरिनेछ।

१५१. विषयगत सहकारीहरुलाई क्षमता अभिवृद्धि तथा नेतृत्व विकास जस्ता कार्यक्रम संचालन गरिनेछ ।

१५२. सहकारी संचालनलाई कडाइका साथ नियमन गरिनेछ ।

**सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१५३. गाउँपालिका तथा वडा कार्यालयहरुलाई सूचना मैत्री बनाईनेछ ।

१५४. गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुमा राजस्व संकलनका लागि राजस्व व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइने छ ।

१५५. सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई Paperless Governance को अवधारणा विकास गरिनेछ।

१५६. जनतामा सूचना सेवा तथा अन्य महत्वपूर्ण जानकारी पुर्याउन सम्भव भएसम्म Bulk SMS मार्फत जानकारी कार्यलाई निरन्तरता दिइनेछ ।

१५७. स्थानिय पत्रपत्रिका तथा एफ.एम.रेडियो सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

१५८. "सुरक्षित सूचना प्रविधि सबैको हातमा, पालिका तपाईको साथमा" भन्ने नाराका साथ गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधि सँग जोड्ने नीति लिने छ।

१५९. टेलीफोन टावर, ईन्टरनेट टावर लागायतका संचार माध्यमहरुको स्तरउन्नतीका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

१६०. गाउँपालिकाको भवन निर्माण सम्पन्न भईसकेपछि सबै शाखा तथा इकाईहरुमा CCTV जडान गरिनेछ ।

१६१. दलित संस्कार संस्कृति सम्बन्धि पार्स्चीचित्र तयार गरिने छ ।

१६२. दलित समुदायलाई सूचना प्रविधिमा पहुँच बढाउनका निम्ति सूचना प्रविधि साक्षरता कार्यक्रम लागु गरिनेछ ।

१६३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१६४. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

१६५. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१६६. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१६७. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

१६८. सामान्य विवाद समाधान वडा स्थारिय मेलमिलाप केन्द्रबाटै गर्न मेलमिलाप कर्तालाई तालिमको ब्यबस्था गरिनेछ ।

**सामाजिक सुरक्क्षा तथा पंजीकरणः**

१६९. पञ्जिकरण सम्बन्धी सम्पूर्ण कामहरु अनिवार्य अनलाईन गरिने छ ।

१७०. प्रत्येक वडाको दुई स्थानमा भत्ता बितरणको ब्यबस्था मिलाइने छ ।

१७१. व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन गरिनेछ।

१७२. घटना दर्ता विषेशत विवाह दर्ता लगायतका घटना दर्ताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सचेतना अभियान संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१७३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

१७४. प्रत्येक चौमासिकको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

१७५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१७६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१७७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

१७८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई निरन्तरता दिइनेछ ।

१७९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१८०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१८१. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१८२.	सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१८३.	संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१८४.	माहानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सँग बिबिध विषयमा सहयोग आदान प्रदान गर्ने गरि भगिनी सम्बन्ध स्थापित गरी सहकार्य गर्ने नीति लिइनेछ |

१८५.	गाउँपालिकाको संगठन तथा ब्यबस्थापन सर्बेक्षण(O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरि छरितो एबम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई नियमन गरिने छ |

**वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**खानेपानी तथा सरसफाई**

१८६.	खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा हाल संचालनमा रहेको जन्तेढुङ्गा खानेपानी आयोजनालाई ब्यबस्थित गरि वितरणको ब्यवस्था मिलाइनेछ ।

१८७.	जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

१८८.	विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

१८९.	सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१९०.	टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१९१.	शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।

१९२.	अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१९३.	प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१९४.	फोहोर ब्यबस्थापनको लागी कार्यविधि बनाई लागु गरिनेछ |

**वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१९५.	पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

१९६.	खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्दर्न तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

१९७.	पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

१९८. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१९९. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

२००. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

२०१. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

२०२. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

**भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, विद्युत, सिचाई, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

२०३. सडक योजना तयार पर्ने, सडकको वर्गीकरण गर्ने Origin And Destination survey मार्फत गाउँपालिका भित्रका सडकहरुको वर्गीकरण गरी अन्तर पालिका जोड्ने, अन्तर वडा जोड्ने सडक तथा अन्य वडा स्तरीय सडकको वर्गीकरण गर्ने तथा सडकको क्षेत्राधिकार कायम गरिनेछ।

२०४. उल्लेखित वर्गीकरण अनुसार गर्नुपर्ने योजनाहरुको प्राथमिकिकरण गर्ने, मुख्य रणनैतिक सडक १२ महिना नै संचालन हुने गरि स्तोरन्नति गर्ने तथा अन्तरपालिका जोड्ने सडकको अवस्था सुधार गरिनेछ।

२०५. प्राविधिक तथा भौगोलिक अध्ययन गरे पश्चात मात्र सडक योजना कार्यन्वयन गरिनेछ।

२०६. सडकको काममा अनिवार्य श्रमदानको व्यवस्था श्रमदान वापत उपभोक्ता समितिद्वारा नाली कटान तथा सोलिंग गरिने कार्य अनिवार्य गरिनेछ।

२०७. गाउँपालिकाका आर्थिक, सामाजिक, विकासका लागि रणनीतिक महत्वका सबैं सडकहरुलाई स्तोरन्नती गरि बर्षेभरि यातायात सन्चालन हुनसक्ने सडक पूर्वाधार विकास गरिनेछ।

२०८. नातिजमुलक योजना कार्यान्वन र प्रभावकारी योजनागत अनुगमनलाई अवलम्बन गरिनेछ।

२०९. पानीको मुहान, वनक्षेत्र तथा खेतीयोग्य जमिनवाट सडक निर्माण कार्य निषेध गरिनेछ।

२१०. गाउँपालिकाको सडकहरुको मर्मत कार्यमा प्रभावकारिता ल्याउन गाउँपालिका बाट खरिद गरिएको मेसिनरी औजार (Backhoe Loader) ब्याक हो लोडर कार्यविधि बमोजिम संचालन गरिनेछ।

२११. ब्यवास्थापकीय, प्रशासकिय तथा प्राविधिक जटिलताका कारण अलि ठुला आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वयन गर्दा व्यवहारिक कठिनाई हुने देखिएकोले रु.२० लाख भन्दा माथिका पूर्वाधार निर्माण योजनाहरु सम्बन्धित वडाको पूर्ण समन्वयनमा प्रविधिक स्टिमेट गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आहवान गरी ठेक्काबाट संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१२. गाउँपालिकाले भूउपयोग क्षेत्र निर्धारण गरिएको क्षेत्रमा वस्ती विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरि आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा संचालन गरिनेछ।

२१३. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

२१४. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक

एवं स्थानीय भुमि ब्यावस्थापन तथा भवन नियमन सम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२१५. भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ।

२१६. गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

२१७. पूर्ण विद्युतीकरणको कार्यलाई सम्पन्न गर्न निगरानी तथा समन्वय गरिनेछ ।

२१८. निर्माणाधीन जन्तेढुङ्गा पार्कको कार्यलाई सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

२१९. ट्र्याक खोलि सकेका स्थानीय सडकहरुको सम्मान्य मर्मत सम्भार **मर्मत सम्भार कोष** बाट गरिने नीति लिईएको छ ।

२२०. आवश्यकता अनुसार नया सडक ट्र्याकको निर्माण गरिनेछ ।

**रोजगारी तथा आर्थिक विकासः**

२२१. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त बजेटबाट रोजगारी सिर्जना गर्ने नीति लिइएको छ ।

२२२. संघिय सरकार बाट सुचिकृत बेरोजगारलाई काममा लगाउन ससर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामग्री खरिदको लागि व्यवस्था गरिनेछ।

२२३. रोजगार सूचना व्यस्थापन प्रणालीको स्थापना गरि सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिने छ।

२२४. बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीपविकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिने छ ।

२२५. स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरि थप रोजगारी सृजना गरिने छ ।

२२६. बेरोजगार व्यक्तिका लागि बैंक तथा अन्य वितिय संस्थामार्फत सहुलियतपूर्ण ऋण उपलव्ध गराउन आवश्यक सहयोग गरिने छ ।

२२७. स्थानीय स्तरमा रोजगारी सृजना गर्नका लागि संघ र प्रदेश सरकार संग आवश्यक समन्वय गर्दै यस गा.पा. को रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२२८. जन्तेढुङ्गा गाउपालिकाको रोजगार रणनिति निर्माण गरी लागु गरिने छ|

२२९. जन्तेढुङ्गा गाउँपालिकामा गाँजाखेति सम्भाव्यता अध्ययन गर्न संघिय सरकार सँग अनुरोध गरिनेछ |

२३०. "जन श्रमदान जन्तेढुङ्गाको अभियान" मूल नाराक साथ हप्तामा आफ्नो समुदायलाई निशुल्क श्रमदान गरि सामाजिक कार्यमा संलग्न हुन उत्प्रेरित गरिनेछ |

**राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

२३१. आन्तरिक आय व्यवस्थापन प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी , राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२३२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२३३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

२३४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२३५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

२३६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

२३७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

२३८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

२३९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

२४०. गाउँपालिकामा दर्ता नभई संचालन गरिएका पसल, ब्यपार, ब्यबसायलाई दर्ता प्रक्रियामा कडाइका साथ दर्ता गर्न नीति लागु गरिनेछ |

**धन्यवाद**

खेम बहादुर खड्का
उपाध्यक्ष

४ असार, २०८०